**मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति**
**सेतो पाटी, सैंबु, ललितपुर महानगरपालिका वडा नं १८**

**बगैचे सेवा करारमा लिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७८।०७।१०**

१. यस मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको निर्माण स्थल मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं ९, चित्लाङ्गमा विश्वविद्यालयको जग्गा भित्र रोपिएका विरुवा र नीलकाँढा संरक्षण तथा कृषि फार्म हेरचाहको लागि एक बगैंचे समितिको लागि आवश्यकतानुसार सेवा करारमा लिनुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त सो सेवा प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रस्ताव पेश गर्न यो प्रस्ताव आव्हानको सूचना प्रकाशित गरिएको छ । बगैचेको कार्यक्षेत्रगत शर्तहरु र कार्य विवरण (अनुसूची १ ) मा उपलब्ध गराइएको छ ।

२. इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले मिति २०७८।०७।२६ गते कार्यालय समय भित्र इमेल ठेगाना – info@mbustb.org or info@mbustb.edu.np मा वा यस समितिको कार्यालयमा तल उल्लेखित कागजातहरु प्रस्तावका साथ उपलब्ध गराउनु पर्ने छ ।

इच्छुक फर्म, संस्था वा कम्पनीहरुले उपलब्ध गराउनु पर्ने कागजातहरु :

- फर्म, संस्था वा कम्पनी दर्ता (नविकरण समेत) प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नं. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आ.ब. २०७७।२०७८ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
- सूचि दर्ता (अनुसूची २)
- उम्मेद्धवारको व्यक्तिगत विवरण
- उम्मेद्धवारबाट प्रतिवद्धतापत्र
- आर्थिक प्रस्ताव; निर्देशित फर्म अनुसार (अनुसूची ३)

इच्छुक व्यक्तिले उपलब्ध गराउनु पर्ने कागजातहरु :

- स्थायी लेखा नं. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आ.ब. २०७७।२०७८ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
- सूचि दर्ता (अनुसूची २)
- उम्मेद्धवारको व्यक्तिगत विवरण
- उम्मेद्धवारबाट प्रतिवद्धतापत्र
- आर्थिक प्रस्ताव निर्देशित फाराम अनुसार (अनुसूची ३)

**अनुसूची १**

भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार विकास समिति,

सेतोपाटी, सैंबु ललितपुर

बगैचाको कार्यक्षेत्रगत शर्तहरु र कार्य विवरण

**Contract ID No.:** MBUSTDB/NCS/04/2078/79

## पृष्ठभूमिः

नेपाल सरकारले थाहा नगरपालिका, चित्लाङ्गमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको लागि प्रारम्भिक कार्यहरु गर्न मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विकास समितिको स्थापना भएको छ । समितिबाट चित्लाङ्गमा निर्माण कार्यहरु भईरहेको । विश्वविद्यालयको पर्यावरण सुधार्न यस आ.व.मा वृक्षरोपण गरिएको । विश्वविद्यालयले प्राङ्गानिक कृषी सम्बन्धी अनुसन्धान संलग्न हुने योजना अनरुप कृषी फार्मको लागि जग्गा समेत रेखाङ्कण गरिएको । विश्वविद्यालयको जग्गा भित्र रोपिएका विरुवा र नीलकाँढा संरक्षण तथा कृषि फार्म हेरचाहको लागि एक बगैंचे समितिको लागि आवश्यक भएकोले सेवा करारमा नियुक्ति गर्न यो कार्यक्षेत्रगत शर्तहरु  र कार्य विवरण तयार गरिएको ।

## उदेश्यः

यस सेवा करारको उद्देश्य यस विकास समितिको जग्गामा बिरुवा रोप्ने र हुर्काउने, स्याहार सम्भार तथा सुरक्षा गर्ने तथा कृषि फार्मको हेरचाह गर्ने हो ।

## कार्यक्षेत्रहरु

- विश्वविद्यालयको निर्धारित स्थानहरुमा  विभिन्न उद्देश्य अनुरुपको बिरुवा रोप्नको लागि उपयुक्त बोट-बिरुवाको चयन गर्न सुझाव दिने ।
- निर्धारित स्थानहरुमा बिरुवा रोप्नका लागि जमिन व्यवस्थापन गर्ने र माटोलाई उचित अवस्थामा तयार पार्ने ।
- रोपिने बिरुवाको बोटको व्यवस्था गर्ने ।
- बिरुवा रोप्ने कार्य गर्ने र रोपिएका बिरुवाहरुको संरक्षण गर्ने ।
- विश्वविद्यालयको क्षेत्र भित्र रहेका बोट बिरुवा हुर्काउनको लागि आवश्यक रेखदेख गर्ने, स्याहार गर्ने ।
- विश्वविद्यालयको क्षेत्र भित्र रोपिएका बोट बिरुवाहरुलाई मानव एवं चौपायाहरुको अतिक्रमणबाट जोगाउने ।
- विश्वविद्यालयको जग्गा र भौतिक सम्पतिको रेखदेख गर्ने र आवश्यक  स्याहार सम्भार गर्ने ।
- विश्वविद्यालयको जग्गाको र भौतिक सम्पतिको सुरक्षाका लागि कार्यरत कर्मचारीलाई सहयोग गर्ने ।
- कृषि फार्मको हेरचाह गर्ने ।
- स्थानीय वन उपभोक्त समिति र स्थानीय बासिन्दासँग कार्य क्षेत्र सम्बन्धी कार्य सम्पादनको लागि आवश्यक भए अनुसार समन्वय गर्ने ।

## आवश्यक योग्यता

- बोट बिरुवा रोप्ने र हुर्काउने काममा पर्याप्त अनुभव भएको ( १० वर्ष ) ।
- बोट बिरुवाको नाम पहिचान गर्न सक्ने ।

- माटोको किसिम अनुसार रोप्नका लागि बोट बिरुवा छुट्याउन सक्ने ।
- मौसम सुहाउँदो बोट बिरुवा रोप्ने बिषयको ज्ञान भएको ।
- साधारण लेखपढको ज्ञान भएको ।
- सामुदायिक वन उपभोक्ता समितिको सदस्यको रुपमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएको ।
- व्यवस्थापन सम्बन्धी अनुभव भएको । सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष भै काम गरेकोलाई प्राथमिकता दिइने ।

## कार्य प्रारम्भ मिति, समय र अवधि

सेवा प्रदायकले मंसिर १५,२०७८ देखि चैत्र ३०,२०७९ को अवधि भित्र करीब २०० कार्य दिन काम गर्नु पर्नेछ ।

## सेवा प्रदायकका दायित्वहरु

कार्यक्षेत्रगत शर्त र कार्य विवरण अनुसार दोस्रो पक्षले स्तरीय र पेशागत मापदण्ड, गुणस्तर, छिटो छरितो तथा कार्यालय र कार्यालयको सेवाग्राहीहरु प्रति उत्तरदायी र जवाफदेही पूर्ण भई सम्झौता बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ ।

सेवा प्रदायकले बगैंचेको सेवा प्रदान गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७५ असोज १९ गतेको नेपाल राजपत्रमा प्रकाशित भए बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ । सेवा प्रदायकले करारमा तोकिए बमोजिमको पारिश्रमिक सुविधा बगैंचेलाई अनिवार्य रुपमा दिनु पर्नेछ ।

## छनौट विधि

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम योग्यता, अनुभव र कार्य क्षमताको आधारमा सेवा प्रदायकको नियुक्ति गरिनेछ ।

**अनुसूची २**

मितिः

श्री मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय
पूर्वाधार निर्माण विकास समिति
पुल्चोक, ललितपुर

विषयः **मौजुदा सूचीमा दर्ता गरी पाँउ** ।

महोदय,

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याँई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निबेदन पेश गरेको छु ।

तपसिलः

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निबेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. | (च) मोवाईल नं. |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नु होला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ छैन<br>(ख) नविकरण गरिएको छ छैन<br>(ग) मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बरदर्ताको प्रमाणपत्र छ छैन<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ छैन<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निबेदन दिने हो, सो कामको लागि ईजाजतपत्र आबश्यक पर्ने भएमा सोको प्रतिलिपि छ छैन | |
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः | |

| | | | |
|---|---|---|---|
| (क) मालसामान आपूर्तिः मालसामानको प्रकृति समेत उल्लेख गर्ने | | (ख) निर्माण कार्य | |
| (ग) परामर्श सेवाः परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने | | (घ) अन्य सेवाः (अन्य सेवाको प्रकृति समेत उल्लेख गर्ने | |
| | | | |

| | | |
|---|---|---|
| निबेदन दिएको मितिः | फर्मको छापः | निबेदकको नामः<br>हस्ताक्षरः |

**बगैंचेको लागि आर्थिक प्रस्ताव फाराम**

| | | | |
|---|---|---|---|
| 1 | | | |
| 2 | | | |
| 3 | | **१२ महिनाको लागि** | |
| 4 | | | |
| 5 | | **मासिक खर्च** | |
| 6 | | मासिक तलब | २१४८० |
| 7 | | मासिक महंगी भत्ता | २००० |
| 8 | 6+7 | जम्मा | २३४८० |
| 9 | | मासिक सञ्चय कोषको लागि अनूदान १० प्रतिशत | २१४८ |
| 10 | | मासिक उपदानको लागि अनुदान ८.३३ प्रतिशत | १७८९।३ |
| 11 | 8+9+10 | जम्मा मासिक खर्च | २७४१७ |
| 12 | | | |
| | | **१२ महिनाको लागि खर्च** | |
| 13 | | ३० दिन घर विदा दिंदा सट्टा सहयोगीको खर्च | २१४८० |
| 14 | | १२ दिन भैपरि आउने विदा दिंदा सट्टा सहयोगीको खर्च | ८५९२ |
| 15 | | १२ दिन बिरामी विदा दिंदा सट्टा सहयोगीको खर्च | ८५९२ |
| 16 | | दशैं खर्च | २१४८० |
| 17 | | अन्य विदा (प्रशूति, किरिया) वापत सम्भाव्य खर्च ? | |
| 18 | | दुर्घटना र स्वास्थ विमा वापत खर्च ? | |
| 19 | 13+14+15+16+17 | जम्मा खर्च १२ महिनाको | |
| 20 | 19/12 | मासिक खर्च | |
| | | | |
| 21 | 11+20 | कूल मासिक खर्च | |
| 22 | 12*21 | १२ महिनाको लागि कूल खर्च | |
| 23 | | ओभरहेड ? | |
| 24 | 22+23 | जम्मा खर्च १२ महिनाको | |
| 25 | | भ्याट | |
| 26 | 24+25 | ओभरहेड र भ्याट सहितको जम्मा खर्च १२ महिनाको | |
| २७ | 26/12 | ओभरहेड र भ्याट सहितको जम्मा मासिक खर्च | |
| | 27/24 | **प्रति दिन महिनाको २४ दिनको दरले** | |

**? संकेत गरिएको कोठा अगाडिको कोठा र अन्य खाली कोठा अनिवार्य रुपमा भर्नु पर्नेछ। तालिका भर्नको लागि मद्दत आवश्यक भएमा कार्यालयमा सम्पर्क राख्ने।**